निर्णय नं. १ : मेलम्ची नगरपालिकाको आगामी आ.व. २०७५/७६ को तपशिल बमोजिमको नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २: मेलम्ची नगरपालिकाको आगामी आ.व. २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको मेलम्ची नगरपालिकाको "आर्थिक विधेयक, २०७५" पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३: मेलम्ची नगरपालिका वडा नं. ६ मा आ.व. २०७४/७५ को नगर सभाबाट सार्की टोल खानेपानी योजनाको लागि विनियोजन भएको बजेट रू. ३,००,०००।- बाट कार्यालय भवन घेराबार र सोही वडाको विपद् व्यवस्थापन शिर्षकमा रू. एक लाख विनियोजन गरिएकोमा उक्त रकमबाट सो वडा कार्यालयको शौचालय निर्माण शिर्षकमा रू. पचास हजार खर्च गर्ने गरी योजना शिर्षक परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई मिति २०७५।२।१८ गतेको कार्यपालिका वैठकबाट योजना शिर्षक परिवर्तन गरिएकोले सोको अनुमोदन गर्ने निर्णय गरियो

निर्णय नं ४: मेलम्ची नगरपालिका वडा नं. १ मा जिल्ला समन्वय समितिबाट ODF कार्यक्रम संचालनको लागि प्राप्त भएको बजेट रू. १,५०,०००।- लाई  सोही वडाको भोटेचौर बजारमा सार्वजनिक शौचालय निर्माण शिर्षकमा योजना परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई मिति २०७५।२।१८ गतेको नगर कार्यपालिका वैठकबाट योजना शिर्षक परिवर्तन गरिएकोले सोको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ५: मेलम्ची नगरपालिका अन्तर्गत कृषि शाखाको नवनिर्मित भवनमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वित्तिय समानिकरण तर्फ विनियोजन भएको अनुगमन तथा मूल्याङ्कन शिर्षकबाट रू. ५८०६५।०५ को खानेपानी पाइप खरिद गरी उक्त भवनमा खानेपानी व्यवस्थापन गर्नको लागि मिति २०७५।२।३१ गतेको नगर कार्यपालिका वैठकबाट निर्णय भएको हुँदा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ६: मेलम्ची नगरपालिका वडा नं. ८ स्थित श्री लाभगाउँ आधारभूत विद्यालयको अस्थाई सिकाई केन्द्र निर्माणको लागि सम्बन्धित वडा कार्यालयबाट आ.व. २०७४/७५ मा रू. १,००,०००।- बजेट विनियोजन भएको र उक्त वडामा निर्माण गरिएको अस्थाई सिकाई केन्द्र मिति २०७४ फाल्गुण २८ गतेको हावाहुरीले उडाएकोले हाल उक्त विद्यालय भाडामा संचालन भएको हुँदा उक्त अस्थाई सिकाई केन्द्र निर्माण शिर्षक घर भाडा शिर्षकमा संशोधन गरी सम्झौता अनुसार रू. १,००,०००।- घरभाडा भुक्तानी दिने भनि मिति २०७५।२।३१ गतेको नगर कार्यपालिका वैठकबाट निर्णय भएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ७: मेलम्ची नगरपालिकाको वडा नं. ११ बाट आ.व. २०७४/७५ मा शहरी स्वासथ्य केन्द्र, कटुञ्जे भवन निर्माणको लागि रू. २,००,०००।- बजेट विनियोजन भएकोमा उक्त बजेट शिर्षकलाई मिति २०७५।२।३१ गतेको कार्यपालिका वैठकबाट मेलम्ची-कटुञ्जे-धुसेनीचौर-पाटीभञ्ज्याङ्ग पर्यटन सडक शिर्षकमा संशोधन गर्ने निर्णय भएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ः मेलम्ची नगरपालिका अन्तर्गत ईन्द्रावती नदी, मेलम्ची नदी, सिन्धुखोला नदी लगायत अन्य नदी क्षेत्रबाट ढुंगा, गिटी, बालुवा र नगरपालिका क्षेत्रबाट उत्खनन्/संकलन भएको पत्रे ढुंगा अवैध रूपमा विक्री तथा निकासी गरेको पाइएमा त्यस्तो निकासी गर्ने व्यक्ति, फर्मसंग प्रति गाडी रू. २०,०००।- (अक्षरूपी बीस हजार रूपैयाँ मात्र) जरिवाना असूल गर्ने र त्यस्तो अवैध विक्री तथा निकासी रोकथाममा सहयोग गर्ने सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी) लाई जरिवानाबाट प्राप्त रकमको ५०% रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९ः मेलम्ची नगरपालिका अन्तर्गतका क्षेत्रबाट अवैध रूपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासी गरेको पाइएमा त्यस्तो निकासी गर्ने व्यक्ति, फर्मसंग प्रति गाडी रू. ३०,०००।- (अक्षरूपी तीस हजार रूपैयाँ मात्र) जरिवाना असूल गर्ने र त्यस्तो अवैध निकासी रोकथाममा सहयोग गर्ने सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी) लाई जरिवानाबाट प्राप्त रकमको ५०% रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिनमा रही मेलम्ची नगर कार्यपालिकाका विभिन्न समितिहरूमा छलफल भई पेश भई आएका तपशिल बमोजिमका विधेयकहरू पारित गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०७५ | |
| २ | मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को विनियोजन विधेयक, २०७५ | |
| ३ | मेलम्ची नगरपालिकाको सहकारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | |
| ४ | मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५ | |
| ५ | न्यायिक समितिको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ | |
| ६ | मेलम्ची नगरपालिकाको बजार अनुगमन विधेयक, २०७५ | |
| ७ | मेलम्ची शिक्षा विधेयक, २०७५ | |
| ८ | मेलम्ची नगरपालिकाको आर्थिक कार्यविधि नियमित गर्न बनेको विधेयक, २०७५ | |
| ९ | सम्पत्ति कर (कार्यविधि) विधेयक, २०७५ | |
| १० | मेलम्ची नगरपालिकाको सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशन (कार्यविधि) विधेयक, २०७५ | |
| ११ | अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन विधेयक, २०७५ | |
| १२ | व्यवसाय दर्ता विधेयक, २०७५ | |

निर्णय नं. ११. मेलम्ची नगरपालिकाको नगर सभा सञ्चालन कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १२. मेलम्ची नगर कार्यपालिका १२ स्थित सामुदायिक पुनर्निमाण पर्यटन प्रवर्द्धन परियोजना अन्तर्गत निर्माणाधिन एकिकृत बस्तीहरूका १०३ घरधुरीहरूको नक्सापास गर्दा लाग्ने राजस्वमा पचास प्रतिशत छुट दिने सम्बन्धमा यकीन गरी नगरसभामा प्रस्ताव पेश गर्न नगर कार्यपालिकाको मिति २०७५।२।३१ को वैठकले यस कार्यालयको भवन शाखालाई निर्देशन दिएकोमा भवन शाखाको मिति २०७५।३।१४ को प्रतिवेदन अनुसार उपरोक्त १०३ घरधुरीहरूमा लाग्ने कुल राजस्व रू. ८१११४१।४४ लाग्नेमा सोमा ५०% छुट दिंदा रू. ४०५६२०।७२ हुने देखिएको तथा उक्त एकिकृत बस्तीका १०३ घरहरूको नक्सापास वापतको प्राप्त हुने राजस्व प्रति वर्ग फिट रू.८।- मा ५०% ( पचास प्रतिशत) छुट गरी प्रति वर्गफिट रू. ४।- संकलन गर्न उपयुक्त हुने भनी भवन शाखाको प्रतिवेदन बमोजिम उक्त

एकिकृत बस्तीका १०३ घरहरूको नक्सापास वापतको प्राप्त हुने राजस्व प्रति वर्ग फिट रू.८।- मा ५०% (पचास प्रतिशत) छुट गरी प्रति वर्गफिट रू. ४।- कायम हुने देखिएकोले उक्त एकिकृत बस्तीको घरहरूको नक्सापास दस्तुर सोही बमोजिम संकलन गर्ने निर्णय गरीयो ।

निर्णय नं. १३. मेलम्ची नगरपालिकाको आ.व. २०७४/०७५ मा कार्यान्वयन गर्ने गरी नगर कार्यपालिका तथा नगरसभाबाट विनियोजन भै कार्यान्वयन भएका सम्पुर्ण योजनाहरूको समिक्षा गरी उक्त योजनाहरूमा भुक्तानी भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४. मेलम्ची नगरपालिकाको आ.व. २०७५/०७६ मा टोल तथा बस्ती स्तरबाट छनौट भएका योजनाहरू सम्बन्धित वडा समितिको वैठकबाट प्राथमिकीकरण गरी सिफारिस भै आएका अनूसुची-१ र २ मा उल्लेख भए बमोजिमका नगर तथा वडास्तरीय वार्षिक योजनाहरू स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ः मेलम्ची नगरपालिकाको आगामी आ.व. २०७५/७६ को "विनियोजन ऐन, २०७५" माथि दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

सार्वजानिक महत्वको प्रस्तावहरूः

१. मेलम्ची नगरपालिकाको मितिः २०७५।०३।२३ को नगरसभाले मेलम्ची क्षेत्रभित्रका तपशिल बमोजिमका सडकहरू बर्षाको कारण क्षति पुग्न गई सवारी साधन चल्न नसक्ने भएकोले तत्काल मर्मत/सम्भार गरी सडक सुचारू गर्न मेलम्ची खानेपानीको ठेकेदार CMC, सडक डिभिजन कार्यालय, चरिकोट, जिल्ला प्राविधिक कार्यालय, चौतारा र मेलम्ची खानेपानी विकास समिति, मेलम्ची लाई आग्रह गर्दछौं ।
तपशिलः
क) बाहुनीपाटी-पिप्ले-पाटीभन्ज्याङ सडक
ख) सिपाघाट-तिम्बु सडक
ग) मेलम्ची-चौतारा सडक
घ) मेलम्ची-भोताङ सडक

२. नगर कार्यपालिकालाई सभाप्रति उत्तरदायि बनाउन, स्थानीय कानूनको निर्माण प्रक्रियालाई ब्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने समेतको प्रयोजनको लागि देहाय बमोमिजको समिति गठन गरियो ।

लेखा समितिः
क) कृष्ण प्रसाद चौलागाई - संयोजक
ख) राम शरण महरा - सदस्य
ग) विन्दा ढकाल - सदस्य

**<u>विधायन समितिः</u>**

क) रूद्र प्रसाद दुलाल - संयोजक

ख) जानुका डोटेल - सदस्य

ग) कुल बहादुर दमाई - सदस्य

**<u>सुशासन समितिः</u>**

क) नगेन्द्र प्रसाद खतिवडा - संयोजक

ख) पार्वती थापा - सदस्य

ग) कृष्ण कुमार तामाङ - सदस्य